संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

**प्रेस विज्ञप्ति – २०६५ भाद्र २६**

---

## उच्चायुक्तको कार्यालय-नेपालद्वारा नेपाल सरकार र हलियाहरु बीच भएको सम्झौताको स्वागत

धनगढी - ओएचसीएचआर-नेपाल, नेपाल सरकार र राष्ट्रिय हलिया मुक्ती समाज महासंघबीच हालै गरिएको सम्झौताको स्वागत गर्दछ । कार्यालयले, सरकारद्वारा तत्पस्चात गरिएको हलिया मुक्तिको घोषणालाई मध्य र सुदूर पश्चिम क्षेत्रका पहाडी जिल्लाहरुमा लामो समयदेखी विभेदपूर्ण रुपमा चली आएको हलिया प्रथाको सम्बोधन उन्मुख राज्यको सकरात्मक प्रतिक्रियाको रुपमा लिएको छ। ओएचसीएचआर, हलिया मुक्तिको घोषणाको साथै हलियाहरुको ऋण खारेज गरिएको, मुक्त हलियाहरुको सुरक्षाको व्यवस्था र पुनर्स्थापना सम्बन्धी सुझाव दिनको निमित्त गठन गरिने कार्य दल तथा राष्ट्रिय हलिया मुक्ति समाज महासंघले अघी सारेका ११-बुँदे मागहरु सम्बोधन गर्ने प्रतिवद्दतालाई विशेष स्वागत गर्दछ।

ओएचसीएचआर-नेपाल, सम्झौताको प्रभावकारी कार्यान्वयनका निम्ति आवश्यक स्रोत र साधन सहितको क्षेत्रीय साथै जिल्लास्तरीय सम्यंत्रको व्यवस्था गर्न नेपाल सरकारसँग आग्रह गर्दछ।

> “सम्झौताको स्थानीय तहमा कसरी कार्यान्वयन हुन्छ भन्ने कुराको अनुगमन गर्नु अब महत्वपूर्ण हुन्छ। सोही सन्दर्भमा, कार्य दलका सामु, मुक्त हलियाहरुको भूमी, गाँसबास, स्वास्थ्य र शिक्षामा पहुँच सहितको विस्तृत पुनर्स्थापना कार्यक्रम प्रस्तुत गर्नुपर्ने चुनौती छ,” ओएचसीएचआर क्षेत्रिय कार्यालय धनगढीका निमित्त कार्यालय प्रमुख बुध्दी सेमले भन्नु भयो।

**For further information contact Shanti Lepcha at OHCHR-Regional Office, Dhangadhi:**
**Tel.: - 091-523503 (Ext.313 ); Mobile 9851107197 or slepcha@ohchr.org**